# पुनर्निर्माणको कार्यगर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणको लागि पालना गर्नुपर्ने मापदण्ड, २०७७

**कार्यकारी समितिबाट स्वीकृत मितिः- २०७७/०२/१६**

## १. विषय प्रवेश :

विश्वव्यापी महाव्याधिको रुपमा फैलिएको कोभिड-१९ को कारण जनस्वास्थ्य, सार्वजनिक सेवा प्रवाह र अर्थतन्त्र समेतका मानव जीवनका विभिन्न आयामहरूमा गम्भीर असर र प्रभाव परिरहेको छ । नेपाल सरकारले यो महाव्याधि रोकथाम तथा नियन्त्रण गर्न २०७६ चैत्र ११ गतेदेखि देशव्यापी बन्दाबन्दी समेतका विभिन्न उपाय अवलम्वन गरेको कारण नेपालले हालसम्म उक्त महाव्याधिबाट जनस्वास्थ्यमा गम्भीर प्रतिकूलता भोग्नु परेको छैन तथापि पर्याप्त सतर्कता अपनाउनुपर्ने अवस्था भने विद्यमान छ ।
नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०१।२४ गतेको निर्णय अनुसार स्वास्थ्य सुरक्षा सम्बन्धी विभिन्न मापदण्डहरूको पालना गरी विकास आयोजना सम्बन्धी कार्य सुचारु गर्न सकिने पृष्ठभूमीमा पुनर्निर्माण सम्बन्धी काम गर्दा कोभिड - १९ संक्रमण जोखिमलाई न्यूनीकरण गर्दै स्वास्थ्य सुरक्षा र सचेतनाका विभिन्न व्यावहारिक उपाय अवलम्वन र पुनर्निर्माणको कार्यमा सम्बद्ध निकाय तथा पक्षहरूबीच आवश्यक समन्वय तथा सहजीकरणलाई व्यवस्थित गर्नको लागि भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा बनेको ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिले यो **पुनर्निर्माणको कार्य गर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणको लागि पालना गर्नुपर्ने मापदण्ड, २०७७** बनाएको छ ।

बन्दावन्दी कायम रहेको वा नरहेको अवस्थामा पुनर्निर्माण सम्बन्धी काम गर्दा सम्बद्ध सबै सरोकारवालाहरूले अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

## २. औचित्यः

२.१ भूकम्प पीडित नागरिकको सुरक्षित आवासमा पहुँच सुनिश्चित गर्नको लागि निजी आवास पुनर्निर्माणको काम तथा स्वास्थ्य, शिक्षा, सम्पदा समेतको क्षेत्रमा पुनर्निर्माणका बाँकी कामहरूलाई यथासक्य छिटो सम्पन्न गर्न आवश्यक भएको हुँदा सो कार्यलाई सुचारु गर्दा सम्बन्धित कार्यस्थल व्यवस्थापन, सामग्री आपूर्ति र जनशक्तिको कार्य व्यावहारमा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको न्यूनतम मानक निर्धारण गर्नु आवश्यक भएको,

२.२ पुनर्निर्माणको कार्यमा सहजीकरण गर्न कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणका उपायहरूको अवलम्बन गर्दै स्थानीय प्रशासन, स्थानीय तह र अन्य सरोकारवाला पक्षको समन्वायात्मक भूमिकालाई निर्धारण गर्न आवश्यक भएको,

२.३ पुनर्निर्माण सम्बन्धी कार्यमा संलग्न हुने राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र यस अन्तर्गतका निकायहरू, निर्माण व्यावसायीहरू, उपभोक्ता समितिहरू, पुनर्निर्माण लाभग्राहीहरूमा कोभिड-१९ सम्बन्धी जोखिम न्यूनीकरण सम्बन्धी सचेतना अभिवृद्धि गर्न सहयोग पुग्ने देखिएको,

## ३. भौतिक संरचना पुनर्निर्माण गर्दा संक्रमण जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने उपायहरुः

### भौतिक पूर्वाधार –सडक, पुल, सार्वजनिक भवन, सम्पदा आदि_ संरचना पुनर्निर्माण

भौतिक पूर्वाधार सम्बन्धी संरचनामा पुनर्निर्माणको कार्य गर्दा सम्बन्धित निर्माण व्यवसायी वा उपभोक्ता समितिले देहायको व्यवस्था अनिवार्य रुपमा पालन गर्नु गराउनु पर्ने छ .

**३.१. कामदारको प्राप्ति र बसोबास सम्बन्धमा :-**

३.१.१. उपलब्ध भएसम्म कार्यस्थल रहेको बस्ती/वडा/स्थानीय तह/जिल्लाको जनशक्ति प्रयोग गर्ने,

३.१.२ सम्बन्धित स्थानीय तह भन्दा बाहिरको जनशक्ति परिचालन गर्नु पर्दा Quarantine मा राख्ने सम्बन्धमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने,

३.१.३ कामदारलाई काममा लिनु अघि स्थानीय स्तरमा उपलब्ध भएको स्वास्थ्य परीक्षणबाट कोभिड-१९ को लक्षण नभएको कुरा एकीन गर्ने / परिक्षणको विवरण समेत राख्ने।

३.१.४ काममा लगाउने कामदारको विवरण संलग्न अनुसूची - १ को ढाँचामा तयार गरी नियमित रुपमा अधावधिक गर्ने । सो को प्रति विद्युतीय माध्यम वा अन्य उपयुक्त माध्यमबाट सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र जिल्ला आयोजना कार्यान्वयन इकाईमा अनिवार्य रुपमा पेश गर्ने,

३.१.५ कामदारलाई कार्यस्थल वा सोको नजिक उपयुक्त स्थानमा अस्थायी बसोबास स्थल (Camp) को व्यवस्था गरी राख्ने । सुपरीवेक्षकको अनुमति विना कामदारहरूलाई Camp वा कार्यस्थलबाट अन्यत्र आफूखुशी हिडडुल गर्न नियन्त्रण गर्ने,

३.१.६ सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्यस्थलको नजिक बसोबासममा रहेका कामदारलाई सुरक्षित उपाय अपनाई कार्यस्थलमा आउने र कार्यस्थलबाट आफ्नो बसोबास स्थलमा जाने गरी काममा लगाउन सकिने तर काठमाण्डौं उपत्यकामा २०७६ चैत्र ११ पछि काठमाण्डौं आएका/ल्याइएका कामदारहरूलाई अनिवार्य रुपमा क्याम्पमा राखेर काममा लगाउनुपर्ने,

३.१.७ कार्यस्थल रहेको भन्दा बाहिरको जिल्लाबाट कामदार आपूर्ति गर्नुपर्दा काठमाण्डौं उपत्यकाको हकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत गृह मन्त्रालय र अन्य जिल्लाको हकमा जिल्ला आयोजना कार्यान्वयन ईकाई मार्फत कोभिड-१९ नियन्त्रण सम्बन्धी जिल्ला स्तरीय संकट व्यवस्थापन समितिसँग समन्वय गर्ने ।

**३.२. कोभिड-१९ को संक्रमण जोखीम न्यूनीकरणका लागि सरसफाइ तथा व्यक्तिगत व्यवहार सुधार सम्बन्धी अभिमुखीकरण सम्बन्धमा:-**

सम्बन्धित निर्माण व्यवसायी/उपभोक्ता समितिले प्रत्येक कामदारलाई संक्रमण जोखिमबाट बच्ने उपायहरूको बारेमा स्पष्ट पार्न काममा लगाउनु पूर्व कोभिड-१९ सम्बन्धी अनिवार्य रुपमा अभिमुखीकरण प्रदान गर्ने । यस्तो अभिमुखीकरणमा देहायको सामान्य विषय र आवश्यकता अनुसारका थप अन्य विषय समेट्न सकिनेछः-

३.२.१ कोभिड-१९  सम्बन्धी सामान्य जानकारी, भाइरससंक्रमण हुने प्रक्रिया, संक्रमित व्यक्तिमा देखापर्नसक्ने लक्षण र संक्रमण जोखिम रोकथाम र नियन्त्रण सम्बन्धमा अपनाइएका उपायहरू,

३.२.२ नाक, मुख र आँखा छुन नहुने,

३.२.३ मास्कको अनिवार्य र उचित प्रयोग गर्नुपर्ने,

३.२.४ हात मिलाउन/अंकमाल गर्ने जस्ता काम गर्न नहुने,

३.२.५ न्यूनतम सामाजिक/भौतिक दुरी कायम गर्ने,

३.२.६ खानेपानीको आ-आफ्नो बोतल/भाँडो प्रयोग गर्ने,

३.२.७ अरुको हातले असुरक्षित रुपमा चलाएको तयारी खानेकुरा उपयोग नगर्ने,

३.२.८ काम शुरु गर्न पहिले, खाना खानु पूर्व, दिसा पिसाब गरेपछि र आवश्यकता अनुसार अनिवार्य रुपमा साबुन पानीले मिचीमिची हात धुने/सेनिटाइजरको प्रयोग गर्ने,

३.२.९ कार्यस्थल/बसोबास स्थानमा उचित सरसफाई/ Disinfection गर्ने,

**३.३. कार्यस्थल/क्याम्पमा उपलब्ध हुनु पर्ने न्यूनतम सुविधा सम्बन्धमाः-**

३.३.१ हात मुख धुनको लागि प्रयोग मैत्री सावुन पानी समेतको बन्दोबस्त,

३.३.२ नाक मुख छोप्नको लागि मास्कको उपलब्धता,

३.३.३. ज्वरो नाप्नको लागि थर्मोमिटर -१० जना बढी जनशक्ति परिचालित हुने स्थलमा थर्मोगनको उपलब्धता_
३.३.४ न्यूनतम सामाजिक/भौतिक दुरी कायम हुनुपर्ने,
३.३.५ खानेपानीको व्यवस्थाका लागि सबै कामदारलाई आ-आफ्नो बोतल/भाँडोको उपलब्धता,
३.३.६ काम शुरु गर्न पहिले, खाना खानु पूर्व, दिसा पिसाब गरेपछि र आवश्यकता अनुसार अनिवार्य रुपमा साबुन पानीले मिचीमिची हात धुन उत्प्रेरित गर्ने पोष्टर/सूचना टाँस गरिएको हुनुपर्ने,
३.३.७ कार्यस्थल/बसोबास स्थानमा उचित सरसफाई गरेको हुनुपर्ने,
३.३.८ कुनै कामदारलाई कोभिड-१९ को लक्षण देखिएमा वा अन्य आकस्मिक स्वास्थ्य उपचारको लागि स्वास्थ्य संस्थामा लग्न पर्दा सहजै र शीघ्र एम्बुलेन्स उपलब्ध हुन सक्ने गरी त्यस्तो सेवा प्रदायकको सम्पर्क नम्बर, चालक सम्बन्धी विवरण, तत्काल सेवा प्राप्तीको लागि पूरा गर्नुपर्ने अन्य शर्त भए त्यसको जानकारी लिइ सुरक्षित र तत्काल उपलब्ध हुन सक्ने गरी राख्नुपर्ने छ ।

**३.४. खाद्य आपूर्ति तथा ज्याला भुक्तानीः-**

३.४.१.क्याम्पमा बसोबास गर्ने कामदारले आवश्यक पर्ने खाद्य बस्तु तथा अन्य अत्यावश्यक बस्तु सुरक्षित रुपमा खरिद गरी ल्याउने सम्बन्धमा सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीले सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी निजहरूलाई स्पष्ट मार्गदर्शन गर्नुपर्ने छ,
३.४.२.खाद्य वस्तु वा अन्य आवश्यक सामग्री खरिद गर्न नजिकको बजार जान परेमा कामदारहरूले आपसी सरसल्लाह गरी आलोपालो मिलाई बढीमा २ जनाले क्याम्प बाहिर गई सामग्री खरिद गरी ल्याउने व्यवस्था मिलाउनु पर्नेछ,
३.४.३.कामदारलाई ज्याला भुक्तानी सम्बन्धमा अनावश्यक वादविवाद नआउने गरी र कामदारलाई कठिनाई नपर्ने गरी ज्याला भुक्तानीको व्यवस्था गर्ने । कार्यस्थलमा नगद भुक्तानी गर्दा नगदलाई Disinfect गरेर दिने,

**३.५. कोभिड-१९ का लक्षण देखिएमा अपनाउने सतर्कता सम्बन्धमाः-**

३.५.१.तत्काल काममा नलगाई अलग्याएर राख्ने र स्थानीय तहसँग समन्वय गरी नजिकको स्वास्थ्य संस्थामा परीक्षणको लागि पठाउने,
३.५.२.स्वास्थ्य परीक्षणबाट कोभिड-१९ को आशंका गरिएमा/परीक्षणबाट पुष्टि भएका कामदारलाई काममा नलगाउने, स्वास्थ्य उपचारमा समन्वय गर्ने, घर परिवारलाई जानकारी गराउने ।

**४. निर्माण सामग्रीको आपूर्तिः-**

४.१.निर्माण व्यवसायी तथा उपभोक्ता समितिले संझौता बमोजिमको मापदण्ड पुगेको स्थानीय प्रकृतिको निर्माण सामग्रीहरू स्थानीय तहमा उपलब्ध भएसम्म सोही सामग्रीको प्रयोगलाई प्राथामिकता दिने। स्थानीय निर्माण सामग्री बाहेकका तोकिए अनुसारका गुणस्तरीय अन्य निर्माण सामग्रीहरूको हकमा सबै भन्दा नजिकको बजारबाट ल्याउने । नजिकको बजारमा उपलब्ध नभएमा अन्य उपयुक्त बजारबाट ल्याउने,
४.२.निर्माण सामग्री ढुवानीको लागी सवारी पासको आवश्यकता परेको अवस्थामा निर्माण व्यवसायी तथा उपभोक्ता समितिले सामग्रीको विवरण, सामग्री ल्याउने स्थान, सवारी साधनको नम्वर, चालक तथा हेल्परको नाम, ठेगाना र नागरिकता प्रमाणपत्र नम्बर लगाएतका विवरण खोली अनुमतिको लागि सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाईको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्ने छ। यसरी सिफारिस सहित निवेदन प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले निर्माण सामाग्री ढुवानीको लागि उपयुक्त सवारी पास उपलब्ध गराउने छ। काठमाण्डौं उपत्यका भित्रको हकमा केन्द्रीय आयोजना कार्यान्वयन इकाईले उल्लेखित विवरण प्राप्त गरी आवश्यकता अनुसार सवारी पास उपलब्ध गराउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्न सक्नेछ,

४.३.निर्माण सामग्री ढुवानी गर्ने सवारीले सामग्री ढुवानी गर्ने क्रममा सम्बन्धित सवारीको चालक र हेल्पर बाहेकका अन्य कुनै पनि ब्यक्तिलाई सवारीमा राख्न पाउने छैन । त्यसैगरी सवारी पासको प्रयोगको लागि दिइएको निर्देशनको पूर्ण रुपमा परिपालना गर्नुपर्ने छ।

**निजी आवास पुनर्निर्माण**

४.४. निजी आवास पुनर्निर्माण गर्दा सम्बन्धित लाभग्राहीले देहाय बमोजिम गर्नु/गराउनु पर्नेछः-

४.४.१.निजी आवास पुनर्निर्माणको कार्य सुचारु गर्नुभन्दा पहिले सम्बन्धित वडा कार्यालयलाई सोको जानकारी गराई प्राप्त सुझाव बमोजिम मात्र कार्य प्रारम्भ गर्नु पर्ने,

४.४.२.उपलब्ध भएसम्म स्थानीय कामदारलाई काममा लगाउनु पर्नेछ । स्थानीय स्तरमा कामदार उपलब्ध नभई बाहिरबाट कामदार ल्याउनु परेमा सम्बन्धित स्थानीय तहको सिफारिस सहित सहजीकरणको लागि जिल्ला आयोजना कार्यान्वयन अनुरोध गर्नुपर्नेछ। जिल्ला आयोजना कार्यान्वयन इकाईले आवश्यकता र औचित्यको आधारमा जिल्ला प्रशासन कार्यालयसँग सहजीकरणको लागि समन्वय गर्नु पर्ने,

४.४.३.कामदारहरूको अनुसूची १ बमोजिको विवरण सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्ने,

४.४.४.कामदारहरूलाई क्वारेन्टाइनमा राख्नु पर्ने वा नपर्ने सम्बन्धमा सम्बन्धित स्थानीय तहले दिएको निर्देशनको पालना गर्नु पर्ने,

४.४.५.कार्य स्थलमा अनिवार्य रुपमा साबुन पानी, मास्क, शौचालय/शौच कक्ष र सरसफाइको व्यवस्था मिलाउनु पर्ने,

४.४.६.कामदारहरूलाई काममा लगाउनु भन्दा पहिले मास्कको अनिवार्य रुपमा उचित प्रयोग गर्नुपर्ने, सावुन पानीले मिची मिची हात धुनु पर्ने, जथाभावी शौच नगरी शौच कक्षको सुरक्षित प्रयोग गर्ने, पानी तथा खानेकुरा प्रयोग गर्दा आ-आफ्नो अलग्गै भाडाकुडा प्रयोग गर्ने, नाक आँखा मुख कानमा हात नलग्ने, लग्ने पर्दा साबुन पानीले अनिवार्य रुपमा मिची मिची हात धुने र काम गर्दा उचित सामाजिक/भौतिक दुरी कायम गर्नुपर्ने विषयमा अनिवार्य रुपमा जनकारी गराउँने र सोको पालना गराउन उचित निगरानी राख्नु पर्ने,

४.४.७.निर्माण सामग्रीको सम्बन्धमा माथि बुँदा नं ४.१ देखि ४.३ सम्म उल्लेख भए बमोजिम गर्नु पर्ने,

## ५. कार्यालय तथा बैठक व्यवस्थापन

**कार्यालय सञ्चालनः-**

५.१.प्राधिकरण र अन्तर्गतका निकायहरूले कार्यालय संचलनका सम्बन्धमा नेपाल सरकारको निर्णय बमोजिम गर्ने,

५.२.कार्यालयको सरसफाई, सामाजिक तथा भौतिक दुरी कायम, साबुनपानीले हात धुने व्यवस्था/स्यानिटाइज गर्ने, ज्वरो नाप्ने कार्यको उचित व्यवस्था मिलाउने,

५.३.अत्यावश्यक कामको लागि कार्यालयमा आउने आगन्तुकहरूको नाम, ठेगाना, फोन नम्बर, भेट गरेको मिति समय खुल्ने विवरण तोकिएको कर्मचारीबाट छुट्टै पुस्तिका भर्ने व्यवस्था गर्ने,

५.४.कोभिड-१९ सम्बन्धी आधिकारिक निकायबाट प्रकाशन भएका सामग्रीहरू कार्यालय परिसरमा टाँस गर्ने,

५.५.सम्भव भएसम्म विद्युतीय माध्यमको प्रयोग गरी प्रत्येक्ष भेटघाट वा बैठकहरूलाई न्यूनीकरण गर्ने,

५.६.कोभिड-१९ का लक्षण देखिएका कर्मचारी वा अन्य व्यक्तिलाई नजिकको स्वास्थ्य संस्थामा जान सल्लाह दिने,

५.७.कोभिड-१९ को उपचारको लागि जानुपर्ने वा सम्पर्क गर्नुपर्ने नजिकको स्वास्थ्य संस्था तथा एम्बुलेन्स सम्बन्धी आवश्यक जानकारी संकलन गरी राख्ने,

**बैठक व्यवस्थापनः-**

५.८ प्राधिकरण वा अन्तर्गतका निकाय, पुनर्निर्माण सम्बन्धी निर्माण व्यवसायी वा उपभोक्ता समितिहरूले बैठक गर्नुपर्दा देहाय बमोजिम गर्नुपर्नेः-

५.८.१. सकभर उपलब्ध सुरक्षित प्रविधिको प्रयोग गरी Distance Meeting गर्ने,

५.८.२. कार्यालय वा बैठक कक्षमा स्वयं उपस्थित भई बैठक गर्नु पर्दा;

क. हात सफा गर्नलाई साबुनपानी वा स्यानिटाइजर उपलब्ध भएको हुनु पर्ने,
ख. कम्तीमा ६ फिटको भौतिक/सामाजिक दुरी कायम भएको हुनु पर्ने,
ग. मास्कको अनिवार्य र उचित प्रयोग भएको हुनु पर्ने,
घ. बैठक चलिरहेको बेलामा चिया वा खाजा खाने व्यवस्था नगर्ने,
ङ. चिया पानी खाजा खानुपूर्व अनिवार्य रुपमा साबुनपानी वा स्यानिटाइजर प्रयोग गरी हात सफा गरेको हुनु पर्ने ।

**६. समन्वय, सहजीकरण र अनुगमन**

६.१.यो मापदण्डको कार्यान्वयन गर्दा सम्बन्धित निकाय वा पक्षसँग आवश्यक समन्वय र सहजीकरण गर्नको लागि प्राधिकरणको केन्द्रीय कार्यालय र प्रत्येक केन्द्रीय आयोजना कार्यान्वयन इकाई र जिल्ला आयोजना कार्यान्वयन इकाईमा एक एक जना फोकल पइन्ट तोकी निजको नाम र फोन नम्बर कार्यालयको वेवसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६.२.नेपाल सरकारको निर्णय बमोजिम बन्दाबन्दीको समयमा विकास आयोजना संचालनको सिलसिलामा जनशक्ति तथा निर्माण सामग्रीको आपूर्तिलाई व्यवस्थित गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति/अनुमति/सवारीपास लिनुपर्ने अवस्थामा जिल्ला प्रशासन कार्यालयले पुनर्निर्माणको कार्यमा सहजता पुग्ने गरी उचित प्राथमिकता सहित त्यस्तो स्वीकृति/अनुमति/सवारीपास उपलब्ध गराउनु पर्नेछ ।

६.३.प्राधिकरणको केन्द्रीय कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र अन्य सम्बन्धित निकायसँग प्रभावकारी र निरन्तर समन्वय गर्नु पर्नेछ ।

६.४.यस मापदण्डको प्रभावकारी कार्यान्वयन गरी पुनर्निर्माणको कार्यमा प्रभावकारिता ल्याउन जिल्ला स्थित पुनर्निर्माण समन्वय समिति तथा समितिका पदाधिकारीहरूले आवश्यक सहयोग गर्नुपर्ने छ । सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाईले यस मापदण्ड कार्यान्वयनको लागि जिल्ला स्थित पुनर्निर्माण समन्वय समिति, पुनर्निर्माण सहजीकरण समिति, जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहसँग प्रभावकारी र नियमित समन्वय गर्नुपर्ने छ।

६.५.यस मापदण्डमा रहेका मुख्य मुख्य व्यवस्थाहरू सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि आम संचारको उपयुक्त माध्यमबाट प्रकाशन/प्रसारण गर्न सकिने छ।

**७. विविधः-**

७.१.यस मापदण्डमा रहेको कुनै व्यवस्थालाई संशोधन गर्न आवश्यक परेमा प्राधिकरणको सचिवको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतको निर्णयले संशोधन गर्न सकिनेछ । यसरी गरिएको संशोधनको व्यहोरा कार्यकारी समितिको सदस्यहरूलाई ३ दिनभित्र उपलब्ध गराउनु पर्नेछ ।

७.२.यो मापदण्ड कोभिड-१९ पूर्ण नियन्त्रण नभईसकेको अवस्थामा पनि पुनर्निर्माण सम्बन्धी काम गर्न आवश्यक ठान्ने इच्छुक सरोकारवाला लाई उक्त रोगको संक्रमण जोखिम न्यूनीकरणको लागि जारी गरिएको हुँदा यसको पालनाको कारण कुनै प्रकारको थप व्ययभार लाग्न गएमा सोको व्यवस्था सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी वा लाभग्राहीले गर्नु पर्नेछ । यस वापत नेपाल सरकार वा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा अन्तर्गतको कुनै निकाय वा कुनै पनि तहको सरकारी निकाय सँग कुनै पनि प्रकारले माग वा दावी गर्न सकिने छैन ।

७.३.कोभिड-१९ संक्रमण जोखिम नियमन्त्रणको लागि नेपाल सरकारबाट जारी हुने कुनै आदेश वा निर्णय यो मापदण्ड सँग बाझिन गएमा नेपाल सरकारबाट हुने निर्णय बमोजिम गर्नु गराउनु पर्नेछ ।